# लोक सेवा आयोग
# बागलुङ कार्यालय
## बागलुङ

फोन: नं. : ०६८-५२२६४७ फ्याक्स : ०६८-५२०१४७ Email: baglung@psc.gov.np


## परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ३५/२०७९/०८०, मिति २०७९/१०/१२**

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौको विज्ञापन नं. १६६९९-१६७०५/०७९-८० (खुला/समावेशी) संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत रा.प. तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह पदको **परीक्षा केन्द्र बागलुङ** राखी Online दरखास्त स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरुको प्रथम पत्रको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार देहाय बमोजिमको मिति, समय र स्थान **(परीक्षा केन्द्र)** मा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### परीक्षा कार्यक्रम

| क्र.सं. | परीक्षाको मिति , समय र अवधि | बिषय | उम्मेदवारको संख्या | रोल नं. | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|
| १ | **प्रथम पत्र**<br>२०७९/१०/२८ गते<br>बिहान ११:०० बजे<br>१ घण्टा ३० मिनेट | प्रशासनिक अभिरुची परीक्षण | १५० | 510002 देखि 510157 सम्म | विद्यामन्दिर मा.वि. बागलुङ "क" केन्द्र |
| | | | ...... | 510158 देखि माथिका सम्पूर्ण उमेदवारहरु | विद्यामन्दिर मा.वि. बागलुङ "ख" केन्द्र |

**द्रष्टव्य :**

- प्रवेशपत्र बिना उम्मेदवारहरूलाई परीक्षामा समावेश नगराइने हुँदा **प्रवेश पत्र अनिवार्य** रुपमा लिएर आउनु पर्नेछ ।
- परीक्षा सञ्चालन हुनुभन्दा **१ घण्टा अगावै** उम्मेदवारहरू परीक्षा भवनमा आइपुग्नु पर्नेछ ।
- परीक्षामा उम्मेदवारहरूले अनिवार्य रुपमा **कालो मसी** प्रयोग गर्नु पर्नेछ ।
- वस्तुगत वहुवैकल्पिक प्रश्नमा क्याल्कुलेटर प्रयोग गर्न पाईने छैन । मोबाइल फोन र अन्य विद्युतीय उपकरण निषेध गरिएको छ ।
- परीक्षा सञ्चालन हुने दिन सार्वजनिक बिदा पर्न गएमा पनि लोक सेवा आयोगको पूर्व सूचना बिना परीक्षा कार्यक्रम स्थगित हुने छैन ।
- परीक्षार्थीले परीक्षा केन्द्रमा आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको सक्कलै प्रमाण पत्र अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

**संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले तपशिलमा उल्लेखित विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।**

(१) उम्मेदवारले परीक्षा केन्द्रमा अनिवार्य रुपमा मास्क लगाई प्रवेश गर्नु पर्नेछ । साथै आफ्नो प्रयोजनको लागि आवश्यक स्यानिटाइजर तथा पिउने पानीको व्यवस्था आफैंले गर्नु पर्नेछ ।
(२) परीक्षार्थीहरूले परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।
(३) परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरी दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानु पर्नेछ ।
(४) **कोभिड-१९ बाट संक्रमित भएका उम्मेदवारहरुको हकमा** माथि उल्लेखित जुनसुकै परीक्षा केन्द्र तोकिएको भएता पनि त्यस्ता परीक्षार्थीका लागि **विशेष परीक्षा केन्द्र**को व्यवस्था गरिने हुँदा संक्रमित उम्मेदवारहरुले परीक्षा शुरु हुनु भन्दा **कम्तीमा १ (एक) दिन** अगावै यस कार्यालयको **सम्पर्क नं. ०६८-५२२६४७ वा ९८५७६२३१४७** मा अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।

............................ ............................

**(गुणराज रिजाल)**
**लेखापाल**

**(भुवनहरि अधिकारी)**
**शाखा अधिकृत**